# चामे गाउँपालिका

# आर्थिक वर्ष २०७४/७५ को नीति, बजेट तथा कार्यक्रम

गाउँसभाबाट मिति २०७४ असार ३०

## चामे गाउँपालिका

चामे, मनाङ
४ नं. प्रदेश, नेपाल
२०७४

चामे गाउँपालिका

# खण्ड १ : परिचय

## १.१ स्थानीय तहको संक्षिप्त परिचय

हिमाल पारीको जिल्लाको रुपमा चिनीने मनाङ जिल्लामा रहेका चार गाउँपालिका मध्ये चामे गाउँपालिका एक हो । समुन्द्री सतह देखि २६५० मिटरको उचाइमा रहेको सदरमुकाम चामे र यस क्षेत्र वरिपरि फैलिएको छ। दक्षिणमा लमजुङ हिमाल र उत्तरमारहेकोअग्लो पहाडको बीचमा मर्स्याङ्दी नदिले बनाएको सुन्दर खोचमा रहेको यस गाउँपालिकालाई पूर्वबाट मनास्लु हिमालको सौन्दर्यले सुगन्धित वनाएको छ । हिमाल पारी भए पनि यस क्षेत्रमा वर्षातमा तल्लो भेगमा जस्तै मनसुनी वर्षा हुन्छ भने हिउँदमा हिउँले ढाक्दछ । यहाँको औषत तापक्रम ३० देखि १७० डिग्री सेल्सियस रहेको छ । गाउँपालिकाको पूर्वमा नाशोङ गाउँपालिका, पश्चिममा नेस्याङ गाउँपालिका र उत्तरमा नारफु गाउँपालिका रहेको छ । नेपालकै एक गाविस एक गाउँपालिकाको रुपमा रहेको यस गाउँपालिका ७८.८३ वर्गकिलोमिटर क्षेत्रफमा फैलिएको छ भने पाँच वडा विभाजन गरिएको छ । कुल क्षेत्रफल मध्ये करिव ३ प्रतिशत खेतियोग्य जमिन, ५० प्रतिशत जंगलक्षेत्र, ३४ प्रतिशत चरन क्षेत्र, २ सरकारी जमिन र ११ प्रतिशत पाँचौ तहको जमिन रहेको छ । गाउँपालिकामा करिव २०० घरधुरीमा कुल जनसंख्या ११३८ रहेको छ ।

यहाँका जनताको मुख्य पेशा कृषि, पशुपालन तथा होटेल व्यवसाय हो । हिमाली हावापानी पाइने क्षेत्र भएकोले वर्षको एक वालीमात्र खेती हुन्छ भने वाँकी खाद्यान्नको जोहो खाद्य संस्थानबाट वितरण हुने चामलबाट हुन्छ । राउन्ड अन्नपूर्ण ट्रेकिङ्ग रुटमा पर्ने यस गाउँपालिकामा वर्षेनी हजारौं पर्यटकहरु भित्रने भएकोले यहाँको वासिन्दाको प्रमुख आयआर्जको माध्यम होटल व्यवसाय हो । त्यस्तै कतिपय यूवाहरु वैदेशिक रोजगारीमा छन् भने कतिले स्थानीय सिकर्मी डकर्मी पेशा अंगालेका छन् । विकासको गतिमा फड्को मार्न नसकेपनि सदरमुकाम चामे सम्म जोड्ने लमजुङ चामे सडकले यस गाउँपालिकामा सडक सञ्जाल पुगेकोछ भने लघु विद्युतको माध्यमबाट विद्युत सेवा उपलब्ध छ। वडा नं. ३, ४ र ५ मा टेलिफोन तथा इन्टरनेट सेवा प्रभावकारी छ भने वडा नं. १ र २ मा त्यो विश्वसनीय छैन ।

धेरैजसो जमिन कडा हिमाली चट्टाले ढाकेको यस गाउँपालिका क्षेत्रभित्र तल्लो क्षेत्रमा सल्ला, देवदार, गुँरास, लगायत वन पैदवार छ भने माथिल्लो क्षेत्रमा घासे मैदान रहेको छ । त्यहाँ विभिन्न प्रजातीका जंगली च्याउ, लौठ सल्लो, निरमसी, पाँच औले, भोटे लसुन, पदमचाल, यार्शागुम्वा जस्ता जडिवुटीहरु पाइन्छन् । त्यस्तै विभिन्न प्रजातीका चरा तथा वन्यजन्तु पाइन्छन् । यहाँको पत्रे चट्टान निर्माणको कार्यको लागि उपयुक्त छ भने नदि किनारमा ढुङ्गा, गिट्टी, वालुवा प्राप्त गर्न सकिन्छ ।

## १.२ विद्यमान अवस्थाको समिक्षा

चामे गाउँपालिका सदरमुकाम त्यस वरिपरी रहेको विगतको स्थानीय निकायको एक गाउँ विकास समितिबाट निर्माण भएको हो ।क्षेत्रफल, जनसंख्या, साधनतस्रोत तुलनात्मक रुपमा कमी रहेपनि यहाँ बाटमाथिल्लो मनाङ र नार्फु प्रवेशको ढोकाको रुपमा रणनैतिक महत्व बोकेको छ । यहाँ तत्काल ठूलो आन्तरिक आयश्रोत नदेखिएपनि सम्भावनाका क्षेत्रहरु प्रसस्त छन् । सल्लो, देवदार, गुराँसले भरिएको वनजंगल, त्यहाँ उत्पादन हुने हिमाली जडिवुटी, ढुङ्गाखानी, पर्यटन, विद्युत उत्पादन जस्ता क्षेत्रहरुबाट राजस्व प्राप्त गर्न सकिन्छ । सदरमुकाम क्षेत्रमा फैलिएकोले विकास स्वाद चाखेको भएपनि गुरुयोजना बनाई दिगो विकास हुन सकेको छैन् । यहाँका मानिसहरु पर्यटन, जडिवुटी, होटेल व्यवसाय, कृषि, पशुपालन जस्ता पेशाले आयस्तर तुलनात्मक रुपमा माथि छ । शिक्षा, स्वास्थ्य, विद्युत, सञ्चार, खानेपानी, सरसफाइ, सामााजिक विकास, पोषण लगायतका विषयमा यहाँका मानिसमा चेतनास्तर र विकासस्तर केहीमा माथि भएपनि त्यो गुणस्तरी, भरपर्दो र दिगो हुन सकेको छैन ।

### १.२.१ सवल पक्ष

चामे गाउँपालिका क्षेत्रमा विद्यमान परिस्थितिमा सकारात्मक पक्षहरु निम्न रहेका छन् :

क) जिल्ला सदरमुकाम क्षेत्र वरिपरी फैलिएको गाउँपालिका विकास र चेतनास्तर अगाडि छ।

ख) यहाँ आदिवासी देखि विभिन्न क्षेत्रबाट वसाइसरी आएका मानिसहरु बसोवास गर्ने हुदाँ समाज रुपान्तरणे क्रममा अगाडी छ ।

ग) शिक्षा, स्वास्थ्य, सञ्चार, विद्युत, यातायात, खानेपानी, सरसफाइ, वसोवास, वैक तथा वित्तीय, सुरक्षा जस्ता सेवाहरु प्राप्त गर्न केही सहज छ ।

घ) यहाँको बनजंगलबाट प्राप्त हुने काठ र ढुङ्गाबाट बनेका घरहरुले हिमाली क्षेत्रको वसोवास केही सुरक्षित बनाएको छ ।

ङ) पर्यटन, कृषि, जडिबुटी, काठ-ढुङ्गा खानी यहाँको आम्दानीको श्रोत हो । ज्याला मजदुरीबाट समेत स्थानीय तथा वाह्य मानीसहरुले प्रसस्त आम्दानी लिएका छन् ।

### १.२.२ कमजोर पक्ष

हिमाली क्षेत्रको भूगोल, हावापानी र विकटता, यातायातको, सञ्चार, शिक्षा, स्वास्थ्य जस्ता पूर्वाधारको असुविधा, दक्ष जनशक्तिको अभाव जस्ता कुराहरु यस क्षेत्रको विकास र समृद्धकिो लागि दुर्वल पक्ष तथा चुनौतीहरु हुन् । कडा चट्टानीभुगोलमा बनाइएकोसडकको अवस्थाले जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ ।

त्यस्तै हिमाली हावापानीले गर्दा हिउँदको समयमातल्लो भेगमा मानिसहरु झर्ने गर्छन भने गर्मी समयमा यस क्षेत्रमा मानिसहरुको चहलपहल बढ्छ । कठिन भूवनोटका कारणले विकासका पूर्वाधार निर्माणमा सानो लगानीले पुग्ने अवस्था छैन । दक्ष, जनशक्ति, कामदार, निर्माण सामाग्री अभाव यस क्षेत्रका समस्याहरु हुन् ।

### १.२.३ अवसर तथा चुनौती

राज्यको विकासको लहरलाई स्थानीय स्तरसम्म पुऱ्याउन तथा स्थानीय आवश्यकता र चाहना पहिचान गरी स्थानीयस्तरबाटै पूरा गर्न छाटो समय र स्रोत साधनको, जनशक्तिको अभावको बीच यो बजेट तथा कार्यक्रम तयार पारी संघीयता कार्यान्वयनको अविभारा समेत पूरा गरेका छौं । यस गाउँपालिकामा प्राकृतिक स्रोत साधनहरु पर्याप्त भएपनि यसको खोजी गरी तत्काल उपयोग गर्नेस्तरसम्म पुग्न चुनौतीपूर्ण छ । केन्द्र सरकारबाट प्राप्त बजेट तथा स्थानीय स्रोत साधनको आफैले उपयोग स्थानीय स्तरमा विकास निर्माण लगायतका सम्पूर्ण आवश्यकता पूरा गर्नु स्थानीय तहको लागि अवसरको विषय हो । तर कुशल योजना, जनशक्ति, स्रोतसाधनको अभावले गर्दा यसको कार्यन्वयन गरी रिजल्ट प्राप्त गर्नु निकै चुनौतको विषय हुन सक्छ । तर पनि यी सवै विषयलाई सामना गर्दै सवै पक्षको सहयोग र साथ प्राप्त गरी यस गाउँपालिकामा विकास र समृद्धिको लहर ल्याउनुपर्ने आवश्यकता छ ।

### १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्धति

राजनीतिको केन्द्रमा वसेर निखारिएका नेतागण र वर्षौदेखि प्रशासन चलाएर अनुभव सम्हालेका कर्मचारीहरु, सक्षम निजी तथा पर्याप्त स्रोत साधनको उपलब्धता बीच व्यापक छलफल भई बनेको मुलुकको बजेटको नक्कल गर्दै यस गाउँपालिकाको आगामी वर्षको नीति बजेट तथा कार्यक्रम तयार गरी यस सभामा पेश गर्नु तथा यसको कार्यान्वयन गर्नु हाम्रो लागि एउटा ऐतिहासिक अवसर र चुनौती भएको छ ।यो वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न पद्धति अवलम्वन गरिएको थियो ।

क) सहभागितामूलक योजना तर्जुमा पद्धति अनुसार वस्ती तथा टोलहरुबाट योजना तथाकार्यक्रम संकलन गरियो ।

ख) वडा समितिलेउक्त मागहरुलाई अन्तिम रुप दिई गाउँकार्यपालिका कार्यालयमा पेश गरियो ।

ग) गाउँकार्यपालिकाले गठन गरेको नीति बजेट तथा कार्यक्रम तुर्जमा समितिले वडास्तरबाट आएकाका मागसाथै गाउँपालिका क्षेत्रमा आवश्यक योजना तथा कार्यक्रमहरु समावेस गरी अन्तिम रुप दिई गाउँ कार्यपालिका वैठकमा पेश गरियो ।

घ) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा वैठकमा पेश गरिएको छ ।

ङ) जनताको सहभागिता, जनप्रतिनीधिको नेतृत्व र आवश्यक पक्षको सहयोगमा नीति बजेट तथा कार्यक्रम पेश गरियो ।

**१.४ आयोजना प्राथमिकिकरणका आधारहरु**

बजेट तथा कार्यक्रममा समावेश भएका योजना प्राथमिकरणमा लिइएका आधारहरु :

क) जनताको चाहना, आवश्यकता र उपयुक्ततालाई आधार मानिएको,

ख) आम जनताको तत्कालिन र दीर्घकालिन आवश्यकताहरुलाई समेटिएको,

ग) क्षेत्रगत योजना तथा कार्यक्रम बीच समन्वय गरिएको

घ) ठूला योजनाहरुलाई क्रमागत योजनाहरुको रुपमा छनोट गरिएको,

ङ) स्थानीय तह र केन्द्र सरकारको कार्यक्रम बीच समन्वयको प्रयास गरिएको,

च) विषयगत कार्यालयका कार्यक्रमहरु हस्तान्तरण हुने कुरालाई मध्यनजर गरिएको ।

छ) देशको राष्ट्रिय नीति, अन्तराष्ट्रिय मञ्चमा गरिएका प्रतिवद्धता, दीगो विकास लक्ष्य, चौधौं योजना, राष्ट्रिय बजेटले लिएका नीतिहरु जस्ता कुराहरुलाई मध्येनजर गरिएको ।

ग्रामे गाउँपालिका

# खण्ड २ : चालु आ.व. २०७३।७४ को समिक्षा

## २.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

स्थानीय स्वायत्त शासनको अवधारणा अनुसार विगतका स्थानीय निकायहरुले कार्यसम्पादन गर्दै आएको पाइन्छ । जनप्रतिनिधीको रित्ततामा कर्मचारी, स्थानीय राजनीतिक दल, आम जनता तथा विभिन्न वर्ग, क्षेत्र समूदायका प्रतिनिधीहरु सम्मेलित गाउँपरिषदबाट योजनाहरुलाई अन्तिम रुप दिई सोही कार्यान्वयन भएको पाइन्छ । विगतमा चामे गाउँविकास समितिले यस क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रमहरु सम्पन्न गरेको थियो । त्यस्तै जिल्ला विकास समितिले जिल्ला परिषद् मार्फत अनुमोदन भएका चामे गाउँ विकास समितिस्तरीय केही योजनाहरु चामे गाउँ विकास समिति मार्फत सञ्चालन भएको पाइन्छ । यसरी सञ्चालित हरेक योजनाहरु उपभोत्ता समितिगठन गरी उनीहरुको जिम्मेवारीमा सम्पन्न भएका छन् ।

चालु आर्थिक वर्षमा चामे गाउँ विकास समिति र जिल्ला विकास समिति मार्फत सम्पन्न भएका कार्यक्रमहरु तल उल्लेख गरिएको छ :

| खर्च शिर्षक | आयोजना/कार्यक्रम | बजेट रकम | पेश्कि लिएको | भुक्तानी बाँकी रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| महिला तर्फ(१० प्रतिशत) | तिमाङआमा समुहको भवन र किचन मर्मत सुधार | ३६६२०० | १५०००० | २१६२०० | ० | |
| बालबालिका तर्फ(१० प्रतिशत) | **शैक्षिक सामाग्री खरिद** | | | | | |
| | गौरी शंकर आधारभुत प्रावि | १९५००.०० | | | १९५०० | सम्पन्न |
| | दीन दयालु आधारभुत प्रा.वि | १९५००.०० | | | १९५०० | सम्पन्न |
| | विश्व शान्ति आधारभुत प्रा.वि. | १९५००.०० | | | १९५०० | सम्पन्न |
| | बाल मन्दीर आधारभुत प्रा.वि | १९५००.०० | | | १९५०० | सम्पन्न |
| | लोक प्रिय मा.वि. | १९५००.०० | | १९५०० | | |
| | **बालक्लव क्षमता विकास र शैक्षिक सामाग्री खरीद** | | | | | |
| | गौरी शंकर आधारभुत प्रावि बाल क्लव | १००००.०० | | | १०००० | सम्पन्न |
| | लोक प्रिय मा. वि बाल क्लव | १००००.०० | | १०००० | | |
| | पुर्ण खोप सुनिश्चीतता | १५०००.०० | | | १५००० | सम्पन्न |
| | टोल पठान सुधार(EGRP)व्यवस्थापन | ३००००.०० | | | | |
| | **कम्प्यूटर खरीद (कम्प्युटर शिक्षा)५वटै विद्यालयको लागी** | | | | | |
| | गौरी शंकर आधारभुत प्रा.वि | ३६७४०.०० | | | ३६७४० | सम्पन्न |
| | दीन दयालु आधारभुत प्रा.वि | ३६७४०.०० | | | ३६७४० | सम्पन्न |
| | विश्व शान्ति आधारभुत प्रा.वि. | ३६७४०.०० | | | ३६७४० | सम्पन्न |
| | बाल मन्दिर आधारभुत प्रा.वि | ३६७४०.०० | | | ३६७४० | सम्पन्न |
| | लोक प्रिय आधारभुत प्रावि | ३६७४०.०० | | ३६७४० | | |
| | पोषण सम्बन्धिअभिमुखिकरण तथा प्रोत्साहन | २००००.०० | | | २०००० | सम्पन्न |
| दलित, जनजाति,अपाङ्ग पिछडिएको वर्गतर्फ (१५ प्रतिशत) | थान्चोक गाँउमा गहुँ कुट पिस्ने मिल भवन | ३१९३००.०० | १५०००० | १६९३००.०० | | |
| | दलित उत्थान कार्याकम | ६००००.०० | | ६०००० | | |
| | जेष्ठ नागरीक अपाङ्ग सम्मान कार्याकम | २००००.०० | | | २०००० | सम्पन्न |
| | ३वटा माने मर्मत कोतो | १०००००.०० | | | १००००० | सम्पन्न |
| | चामे स्वास्थ्य चौकि फर्निचर खरीद | ५००००.०० | | | ५०००० | सम्पन्न |
| भौतिक पूर्वाधार तर्फ | छितपु ढल निकाश | ३०००००.०० | १५०००० | १५००००.०० | | |
| | लोक प्रिय उ.मा. वि भवन मर्मत निर्माण | २०००००.०० | | २००००० | | |
| | गा.वि.स. भवन निर्माण | ४११४११.०० | २००००० | २११४११.०० | | |
| | जिल्ला प्रहरी व्यारेक निर्माण | ३०००००.०० | | | ३००००० | सम्पन्न |
| | दीन दयालु निमावि भवन प्लाइ्कीड | २०००००.०० | | | २००००० | सम्पन्न |

| बजेट शिर्षक | योजना तथा कार्यक्रम | रकम रु | पेश्कि लिएको | भुक्तानी बाँकी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रवर्द्धनात्मक कार्य तर्फ | गा.वि.स.प्रयोजन मोटर साईकल १गोटा खरिद | २५0000.00 | | | २५0000 | सम्पन्न |
| | बाल मन्दीरको भवन तथा शौचालय मंमत | १४६000.00 | ५0000 | ९६000.00 | | |
| | विश्व शान्ति प्रा.वि. फर्निचर खरीद | ५0000.00 | | | ५0000 | सम्पन्न |
| | रेडियो मनङ (F.M.) | १0५000.00 | | १0५000 | | |
| | स्थानिय विकास कोष म्याचिङ फण्ड | १६५000.00 | | | १६५000 | सम्पन्न |
| | महिला स्वयं सेविका मासिक वैठक व्यवस्थापन | ३५000.00 | | | ३५000 | सम्पन्न |
| [illegible] | जि.वि.स १ प्रतिशत | ३६६२0.00 | | | ३६६२0 | सम्पन्न |
| आयोजना व्यवस्थापन | प्राविधिक खर्च | ४७000.00 | | | ४७000 | सम्पन्न |
| | उपभोक्ता प्रशिक्षण | २५000.00 | | | | |
| | योजना किताव अन्य कागजात व्यवस्था | १५000.00 | | | | |
| | योजना अनुगमन तथा सुपरीवेक्षण | १५000.00 | | | | |
| | कार्यक्रम भ्रमण खर्च | ३0000.00 | | | ३0000 | सम्पन्न |
| | विविध खर्च | ४९२६९.00 | | | ४९२६९ | सम्पन्न |
| | जम्मा आयोजना व्यवस्थापन खर्च | १८१२६९.00 | | | | |
| | **कुल जम्मा** | **३६६२000.00** | ७00000 | **१२७४१५१.00** | **१६0२८४९** | |
| | जि. स.स वाट प्राप्त | | | | | |
| **बजेट शिर्षक** | **योजना तथा कार्यक्रम** | **रकम रु** | **पेश्कि लिएको** | **भुक्तानी बाँकी** | **भुक्तानी रकम** | **कैफियत** |
| [illegible] | नयाँबजार चिहान घर निर्माण | १५0000 | 0 | | १५0000 | सम्पन्न |
| " | कोती आमा समुह फर्निचर खरीद | १00000 | | | १00000 | सम्पन्न |
| | हेपो जाने वाटो पहिरो नियन्त्रण थान्चोक | २00000 | | | २00000 | सम्पन्न |
| | घरेलु कार्यक्रम | ७५000 | | | ७५000 | सम्पन्न |
| | दलित उत्थान कार्यक्रम | ३१000 | 0 | ३१000 | 0 | |
| [illegible] | जाम वनाउने मेशिन, कोती | १00000 | | १00000 | | |
| | | **६५६000** | | **१३१000** | **५२५000** | |
| | | ४३१८000.00 | ७00000 | १४0५१५१.00 | २१२७८४९ | |

## २.२ विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा

स्थानीय सरकारको अवधारणा अनुसार यस गाउँपालिकामा विषयगत कार्यालयहरु हस्तान्तरण भई आउने हुदाँ आगामी दिनहरुमा क्षेत्रगत कार्यक्रमहरु गाउँपालिका मार्फत सञ्चालन हुनेछन् । हस्तान्तरण हुनभन्दा अगाडि शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, खानीपानी, सिंचाई लगायतका विषयगत कार्यालयहरुबाट सरकारको स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालु आर्थिक वर्षमा आआफ्ना कार्यक्रमहरु सम्पन्न भएका छन् । समयको पावन्दी, नवगठित गाउँपालिकाको संस्थागत क्षमता सक्षम नभइसकेको अवस्था तथा संक्रमणकालिन परिस्थितिले गर्दा यी कार्यक्रमहरुको समिक्षा गरी बजेट तथा कार्यक्रम सँगै पेश गर्न सकिएन् । चामे गाउँपालिकाको बजेट तथा कार्यक्रमको अभिन्न अंग मानी आगामी दिनमा गाउँसभा समक्ष पेश गरिनेछ ।

## २.४ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

माथि उल्लेख गरिएको अवस्था जस्तै गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा हाल बजेट तथा कार्यक्रममा समावेश नभएको र गैह्रसरकारी संस्थाले गाउँपालिकामा पेश गरेमा त्यसलाई आगामी दिनमा गाउँसभामा पेश गरिनेछ ।

# खण्ड ३ : आगामी आ.व. २०७४।७५ को नीति, बजेट तथा कार्यक्रम

## ३.१ सौंच

आगामि पाँच वर्ष भित्र चामे गाउँपालिकालाई विकसित, समृद्ध, सुन्दर र शान्त नमुना गाउँपालिका बनाउने दीर्घकालिन सोंचका साथ यो नीति बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

## ३.२ लक्ष्य

यो नीति, बजेट तथा कार्यक्रमले चामे गाउँपालिकाको लागि लक्ष्यहरु निम्न तोकिएको छ :

क) पूर्वाधारको दिगो विकास मार्फत यस क्षेत्रको जनजीवनलाई सहज तुल्याउने ।

ख) कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर वनाउने।

ग) शिक्षा क्षेत्रको संरचना तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउने ।

घ) पर्यटन क्षेत्रबाट पर्याप्त आम्दानी प्राप्त गर्ने ।

ङ) व्यवस्थित र आधुनिक वस्ती विकास गरी गुणस्तरीय वसोवास कायम गर्ने ।

च) समाजिम आर्थिक विकास मार्फत  जिवनको गुणस्तर कायम गर्ने ।

छ) स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई आधुनिक र गुणस्तरीय वनाउने ।

ज) स्थानीय स्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।

झ) वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन प्रणालीमा सहजता ल्याउने ।

## ३.४ उपलब्धी

यो नीति बजेट तथा कार्यक्रमले चामे गाउंपालिकामा ल्याउने उपलब्धीहरु यस प्रकार छन् :

क) स्थानीय सडक, भवन, विद्युत, सञ्चार, कृषि, शिक्षा लागयतका पूर्वाधारको दिगो विकास भएको हुनेछ ।

ख) स्थानीय आयोजनाहरुकोदिगोपनको लागि यस वर्षको लगानी आधारशीला निर्माणमा पर्याप्त लगानी गरिनेछ भने आगामी वर्षहरुमा क्रमागत लगानी गर्दै गइनेछ ।

ग) गाउँपालिका क्षेत्रको तत्कालिन आवश्यकता पूरा भएका हुनेछन भने दीर्घकालिन योजनाहरु बनेका हुनेछन् ।

घ) स्थानीय साधन स्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।

ङ) लक्षित वर्ग क्षेत्रका मानिसहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

च) पर्यटन क्षेत्रको विकास मार्फत वसाइदर वृद्धि गरी आयस्तर बढेको हुनेछ ।

छ) सामाजिक आर्थिक विकास तथा आधुनिक वस्ती विकास मार्फत जिवनको गुणस्तर कायम भएको हुनेछ ।

ज) स्थानीय सरकारको सेवा प्रवाहमा नविन शैली ल्याई सरल सहज र गुणस्तरीय भएको हुनेछ ।

चामे गाउँपालिका

## ३.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरु अवलम्वन गरिएको छ :

क) नेपालको संविधान र स्थानीय तह सम्वद्ध प्रचलित कानुनहरुमा उल्लेखित नीति तथा आधारहरु ।

ख) देशको समग्र राष्ट्रिय नीति तथा रणनीतिहरु, नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरू, अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता र सोबाट सिर्जित दायित्वहरु ।

ग) संघीय सरकारको नीति, बजेट तथा कार्यक्रमहरु, विभिन्न समयमा जारी गरेका आदेश, मार्गदर्शनहरु ।

घ) चौधौं योजनाका लक्ष्यका लक्ष्य तथा उदेश्यहरु ।

छ) स्थानीय जनताको चाहना, आवश्यकता र सोको उपयुक्तता ।

ज) स्थानीय भौगोलिक वनावट, हावापानी र श्रोत सानधको उपलब्धता ।

### ३.५.१ समग्र नीति तथा आधारहरु

यस चामे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७४।७५ को नीति बजेट तथा कार्यक्रम तयार पर्दा सम्रग रुपमा निम्न नीति तथा आधारहरु लिइयो :

क) राज्यले लिएको राष्ट्रिय नीति र स्थानीय आवश्यकता सन्तुलित गर्दै संघीय अनुदानको उपयोग गर्ने प्रयास गरिएको छ ।

ख) गाउँपालिकाभित्र उपलब्ध स्रोत साधनको कुशलतम उपयोग गर्दै सम्भाव्यताको खोजी गरी आन्तरिक श्रोतको वृद्धि गर्ने नीति लिइएको छ ।

ग) स्थानीय संभावनालाई ख्याल गर्दै स्थानीय तहको स्रोत परिचालन गर्न सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु समावेश गरिएको छ ।

घ) लक्षित वर्ग क्षेत्रका समूदायलाई कल्याण हुने कार्यक्रमहरु वनाइएको छ ।

ङ) गाउँपालिकामा सहभागीतामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्दै सहमती र सहकार्यलाई प्राथमिकता दिइएको छ ।

च) पूर्वाधारको दिगो विकास, सामाजिक, आर्थिक विकास, सेवा प्रवाह तथा सुशासन जस्ता क्षेत्रमा लगानी वृद्धि सँगै क्षेत्रगत सन्तुलनमा ध्यान दिइएको छ ।

छ) आगामी पाँच वर्षमा गाउँपालिकामा विकासको खास अनुभव दिलाउने गरी अल्पकालिन तथा दीर्घकालिन नीति, कार्यक्रम तथा योजनाहरु तर्जुमा गरिएको छ ।

### ३.५.२ क्षेत्रगत नीति तथा आधारहरु

**आर्थिक क्षेत्र**

१. स्थानीय कृषि उत्पादनमा आत्मनिरर्भर भई निर्यात प्रवर्द्धन उदेश्यका साथ कृषि सामाग्री, नमुना स्याउ खेती, पशुपालनमा सुधार जस्ता कार्यक्रमहरु समावेश गरिएको छ ।कृषि क्षेत्रकों लागि रु २० लाख विनियोजनगरिएको छ । कृषि सम्वन्धी विषयगत कार्यालयहरुको आगामि आ.व.को कार्यक्रम गाउँपालिकामा हस्तान्तरण भएपछिं समन्वय गरी कार्यक्रमहरु सञ्चालन हुनेछ ।

२.गाउँपालिका क्षेत्रमा वस्तु तथा सेवा आपूर्तिको सहज र सुलभ व्यवस्था गरी प्रभावकारी अनुगमन गरिनेछ । तुलनात्मक लाभ र प्रतिस्पर्धात्म क्षमता भएका वस्तुहरुको निर्यात सम्भाव्यताहरु खोजी गरिनेछ । स्थानीय जडिबुटी संकलनलाई व्यवस्थित बनाई रावस्व वृद्धि गरिनेछ भने जडिबुटी खेती र प्रशोधन सम्वन्धी सम्भाव्यता अध्ययन गरी सुरुवात गरिनेछ ।

२. अन्नपूर्ण ट्रेकिङ रुटमा आउने पर्यटकको वसाई यहाँ औसत एक दिनमात्र रहेको वर्तमान अवस्थामा वसाई अवधि कम्तीमा दोब्वर पुऱ्याउन पर्यटकीय गतिविधिको सम्भाव्यता अध्ययन, पार्क, भ्यू पोइन्ट निर्माण साथै ट्रेकिङ रुटको विकास गरिनेछ ।यसको लागि ११ लाख रकम विनियोजन गरिएको छ ।

३. स्थानीय सहकारी क्षेत्रको विकास तथा स्थानीय वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन ( स्थानीय वैंक तथा वित्तिय संस्थाहरु सँग सहकार्य गरिनेछ । स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने र उत्पादनमूलक कार्यहरुमा लगानी वृद्धि गरी स्थानीय आर्थिक गतिविधि बढाइने छ ।

**सामाजिक क्षेत्र**

४. यस गाउँपालिका क्षेत्रभित्र भएका सम्पूर्ण सरकारी विद्यालयहरुमा आवश्यक भौतिक सुधार तथा शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु गरिनेछ । यसको लागि १० लाख छुट्टाइएको छ । गाउँपालिका आवासिय विद्यालयको अवधारणा ल्याई सम्भाव्यता अध्ययन गरी काम सुरु गरिने छ । त्यस्तै विद्यालय शिक्षा गुणस्तर सुधारको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसको लागि जम्मा रु १० लाख विनियोजन गरिएको छ । शिक्षा सम्वन्धी थप कार्यक्रमहरु विषयगत कार्यालयबाट समेत हस्तान्तरण भई थप हुनेछन् ।

५. गाउँपालिका सुरक्षित मातृत्व कार्यक्रम, गाउँपालिका ऐम्वुलेन्स सेवा सञ्चालन गरिनेछ । यसको लागि रु १०लाख छुट्टाइएको छ । स्वास्थ्य सम्वन्धी अन्य कार्यक्रमहरु विषयगत कार्यालयहरुबाट हस्तान्तरण भई थप सञ्चालन हुनेछन् ।

६. स्वच्छ खानेपानी, सरसफाइ, फोहोर व्यवस्थापनसम्वन्धी चेतना तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ । गुम्वाहरु तथा सार्वजनिक स्थलमा व्यवस्थित चर्पी र धाराहरु निर्माण गरिनेछ । गाउँपालिका क्षेत्रका सवै वस्ती तथा सार्वजनिक स्थलहरुमा फोहोर व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरिनेछ । यसका लागि खानेपानी तथा सरसफाई शिर्षकमा रु २२ लाख छुट्टाइएको छ ।

७. स्थानीय धर्म सस्कृति संरक्षण तथा प्रवर्द्धधन अन्तरगत स्थानीय गुम्वाहरु मर्मत सुधार, जलदेवी मन्दिर पुनर्निमाण, चर्च व्यवस्थापन तथा विभिन्न कार्यक्रम सञ्चालन सञ्चालन गरिनेछ । यसको लागि आवश्यकता अनुसार बजेट व्यवस्था गरेका छौं ।

८. गाउँपालिका खेलकुद सप्ताह कार्यक्रम अन्तरगत खेल सामाग्री खरिद, विभिन्न कार्यक्रम सञ्चालन, खेलस्थल सुधार, साँस्कृतिक कार्यक्रम सञ्चालन तथा खेलकुद सम्भाव्यता अध्ययन गरिनेछ । यसको लागि एकमुष्ट रु ८ लाख छुट्टाएको छु ।

९. लैंगिक सशक्तिकरण अन्तरगत विभिन्न तालिम, सीप विकास, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । श्रमिक, लक्षित महिला तथा वालवालिकाको लागि कल्याणकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिला समुहको छुट्टै भवन निर्माण गरिनेछ ।

१०.भत्ता वाड्नुमात्र सामाजिक सुरक्षा होइन भन्ने मान्यताका साथ भत्ता सँगसँगै गाउँपालिका क्षेत्रभित्र जोखिममा भएका तथा हुनसक्ने लक्षित वर्गको लागि सामाजिक सुरक्षाका पर्याप्त कार्यक्रम सञ्चालन गरिनेछ ।

**पूर्वाधार क्षेत्र**

११.हिमाली भूबनोटले यातायातमा ल्याएको कठिनतालाई चिर्न स्थानीय मोटरबाटो तथा गोरेटो बाटो निर्माण, सुधारका कार्यक्रमहरु राखिएको छ । ठूला लगानीका सडक तथा पुलहरु निर्माणको लागि चार ओटै गाउँपालिले संयुक्त रुपमा पहल गरिनेछ ।

१२.तिमाङ देखि खेलकुद मैदान जान मोटरबाटो रु ५ लाख र दिनदयालु जाने गोरेटो बाटोलाई रु ३ लाख, छार्ताङ जाने मोटरबाटोलाई रु ८ लाख, छितपुर जाने मोटरबाटोलाई रु १२ लाख, ठाडोलाइनबाट माडा जोड्ने मोटरबाटोलाई रु १० लाख रकम विनियोजन गरिएको छ । थान्चोक डाँडागाउँ जाने गोरेटो बाटो ढलानमा रु २ लाख, तिमाङ लाटोमराङ जाने गोरेटो वाटो

निर्माणमा रु ५लाख छुट्टाइएको छ ।जिप्रका विद्युत कार्यालय जाने बाटोलाई रु ५ लाख, थान्चोक मोटरबाटो ढलान रु २० लाख छुट्टाइएको छ ।

१३.गाउँपालिका क्षेत्रभित्रका सिंचाई संयन्त्रहरुको सुधार गरिनेछ भने आयोजनाहरु भएमा त्यसको हस्तान्तरण भई व्यवस्थापन हुनेछ ।

१४. आगामि आर्थिक वर्षमा यस गाउँपालिकाको चार वटा वडाहरुमा आधुनिक सुविधासम्पन्न र व्यवस्थित वडा कार्यालय निर्माण कार्य सुरु गरिनेछ । यसका लागि रु १ करोड विनियोजन गरिएको छ । त्यस्तै स्थानीय सरकार सञ्चालनको लागि स्थानीय सिंहदरवारको रुपमा रहने आधुनिक सुविधासम्पन्न र व्यवस्थित गाउँपालिका भवन निर्माण कार्य सुरु गरिनेछ । यसको लागि रु १ करोड विनियोजन गरिएको छ ।

१५. तिमाङ थान्चोक चिहानघरलाई रु १२, लाख आमा समूह भवनशौचालय निर्माणलाई रु २२ लाख, तिमाङ, थान्चोक र चामे आमा समूह कम्पाउण्डीङ र ढुङ्गा छाप्ने, मर्मतलाई रु २२ लाख, छुट्टाइएको छ । त्यस्तै आमासमूह भवन निर्माण, सार्वजनिक धारा रेडक्रस शौचालय निर्माण आदि कार्यक्रमहरुलाई आवश्यक बजेट विनियोजन गरिएको छ ।

१६.राज्यले लिएको व्यवस्थित शहरी विकास रणनीतिलाई सघाउ पुऱ्याउँदै गाउँपालिका क्षेत्रमा शहरीकरण लाई व्यवस्थित गर्न गाउँपालिका शहरी विकास कार्यक्रम ल्याइएको छ जसमा रु १४ लाख विनियोजन गरिएको छ । चामे क्षेत्रमा सवारीसाधन पार्किङलाई व्यवस्थित वनाउन पार्किङ स्थल खोजी गरी निर्माण गरिने छ ।

१७. आगामी आर्थिक वर्ष भित्र चामे गाउँपालिका केन्द्रीय प्रशारण लाइनमा केन्द्रीय योजनालाई सहयोग गर्दै गाउँपालिका क्षेत्रभित्रको सव ट्रान्समिसन लाइनलाई लाइनलाई व्यवस्थित र सुरक्षित बनाउन सम्वन्धित निकायसँग समन्वय र साझेदारी गरिनेछ । लघुजलविद्युतको पावर हाउस, कुलो मर्मत तथा लाइन विस्तार गर्न रु २२ लाख छुट्टाइएको छ ।

१८.थान्चोक तथा तिमाङमा ल्याण्डलाइन टेलिफोन तथा इन्टरनेट विस्तार गर्न, गाउँपालिका क्षेत्रभित्रको मोवाइल तथा इन्टरनेट सेवा गुणस्तरी बनाउन नेपाल टेलीकम सँग समन्वय तथा साझेदारी गरिनेछ । गाउँ कार्यपालिका तथा वडा कार्यालयमा इन्टरनेट तथा अन्य पूर्वाधारको विकास गरी विद्युतीय शासनको अवधारणा अनुरुप सेवा प्रवाह गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन**

१९. गाउँपालिका क्षेत्रको भूसंरक्ष गर्न वृक्षारोपण, जाली ग्यावीन लागायतका कार्य गरिनेछ । यसको लागि रु ५ लाख विनियोजन गरिएको छ ।

चामे गाउँपालिका

२०. चामे स्थित तातोपानीको संरक्षण तथा विस्तारको लागि रु १५ लाख विनियोजन गरिएको छ भने अन्य स्थानका जलाधारको संरक्षण गर्न रु ५ लाख विनियोजन भएको छ ।

२१. तिमाङ, थान्चोक, छितपुर, तिर्चुङघल्दा, नयाँबजार, तातोपानी जाने बाटो किनार, चामे ठाडो लाईन वस्ती संरक्षणको लागि गाउँपालिका तटवन्ध कार्यक्रम अन्तरगत यो वर्ष ७ लाखका दरले छुट्टाइएको छ । यी आयोजनाहरु आगामी वर्ष क्रमागत हुदै जाने घोषणा गर्दछु ।

यस क्षेत्रमा हुन सक्ने विपद व्यवस्थापनको लागि गाउँपालिका विपद व्यवस्थापन कोष निर्माण गरी रु ५ लाख छुट्टाएको छु । हीमाली क्षेत्रमा मौसम परिवर्तन अनुकूलन सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ भने यस सम्वन्धी संस्थाहरुसँग मिलि थप कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

२२.स्थानीय सरकारको रुपमा रहने गाउँपालिकाको संस्थागत विकास गरी प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन प्रवर्द्धन गरिनेछ । यसबाट पुरानो ढर्राको शासन पद्धति र सेवा प्रवाहबाट मुक्ति भई आधुनिक नविन शैलीमा सेवा प्रवाह मार्फत जनतालाई प्रत्यक्ष परिवर्तनको महसुस दिलाइनेछ । सोको लागि गाउँपालिकाको सेवा प्रवाह पूर्वाधार, क्षमता, पद्धतिको विकास गरी सोंचमा आधुनिकता र तत्परता ल्याउने खालका कार्यक्रमहरु राखिएको छ ।

२३. गाउँपालिकाको सवै क्षेत्रको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन तथा प्रकाशन गरिनेछ । यसको लागि गाउँपालिका प्रोफाइल, डकुमेन्ट्री, बुलेटिनहरु प्रकाशन गरिनेछ । गाउँपालिकाको वेवसाइट निर्माण गरी सूचना प्रवाह गरिनेछ । विद्युतीय शासनको अवधारणा लागु गरी सेवा प्रवाहलाई सरल र पारदर्शी बनाइनेछ ।

२४. नागरिक गुनासो सुनुवाइ संयन्त्र, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, सामाजिक परिक्षण जस्ता कार्यमार्फत नागरिकका प्रश्न, गुनासो, पिडा, समस्याहरु सम्वोधन गरिनेछ । नागरिकको सुचनाको हक सम्वन्धी मौलिक हकलाई सम्मान गर्दै सूचनामा सहज पहुँच हुने व्यवस्था मिलाइनेछ । सेवा प्रवाह सरल, सहज, सक्षम, आधुनिक, प्रविधिमैत्री वनाउन व्यापक अध्ययन अनुसन्धानहरु गरिनेछ ।

**३.६अनुमानित व्यय र स्रोत व्यवस्थापन**

२५. यस गाउँपालिकाको जम्मा बजेट विनियोजन र स्रोत व्यवस्थापन सम्वन्धी अनुमान खण्ड चारको अनुसूचीहरुमा प्रस्तुत गरिएको छ । स्थानीय तहको अधिकार क्षेत्र अनुसार पछि हस्तान्तरण भई आउने योजनाहरु, विषयगत कार्यालयको आय व्यय विवरण पछि नै हुनेछ ।

यसले बजेटको आकारमा फेरवदल समेत ल्याउनेछ। संक्रमणकालिन अवस्थामा रहेको स्थानीय तहको लागि यस बर्षको बजेट तथा कार्यक्रम अभ्यासको रुपमा समेत हुने देखिन्छ।

२६.आगामी आर्थिक वर्षको लागि यस चामे गाउँपालिकाको लागि रु १५ करोड ४७लाख ४३ हजार विनियोजन गरिएको छ। कुल विनियोजन मध्ये चालु तर्फ रु७ करोड ८६ लाख ९३ हजार अर्थात ५०.८५ प्रतिशत, पुँजीगत तर्फ रु७ करोड ६० लाख ५० हजार अर्थात ४९.१५प्रतिशत छुट्टाइएको छ। चालु तर्फको खर्च मध्ये ४ करोड ६० लाख सर्शत अनुदानको रुपमा शिक्षा, स्वास्थ्य, अस्पताल र आयुर्वेदको कार्यक्रमहरु समावेश भई आएकोले सोही अनुसार हुनेछ। वित्तिय समानीकरण अन्तर्गत प्राप्त १० करोड मध्ये चालु तर्फ ३ करोड २६ लाख ३ हजार र पुँजीगत तर्फ ७ करोड ६० लाख ५० हजारविनियोजन गरिएको छ। पुँजीगत खर्च मध्ये ६ करोड ५७ लाख ५० हजार क्षेत्रगत विकास बजेट रहेको छ।

२७. आगामी आर्थिक वर्षको अनुमानमा खर्च व्यहोर्ने स्रोतहरु मध्ये आन्तरिक राजस्वबाट ६ लाख ४५ हजार, रोयल्टी बाँडफाँडबाट रु १५ लाख, जनसहभागिताबाट रु १५ लाख जुटाइनेछ। त्यस्तै केन्द्र सरकारबाट वित्तीय समानीरकण शिर्षकमा रु १० करोड तथा सर्शत अनुदानमा रु ४ करोड ६० लाख अनुदानको रुपमा प्राप्त हुनेछ। गत आर्थिक वर्षको मौज्दात बाँकी रु २ लाख ८ हजार रहेको छ। यस प्रकार आम्दानीको स्रोतलाई आँकलन गरेर खर्चमा विनियोजन गरी स्थानीय तहमा सन्तुलित बजेटको अवधारणा अनुसार यस वर्षको वार्षिक बजेट तथा कार्यक्रमहरु बनाइएको छ।

चामे गाउँपालिका

# खण्ड ४ : अनुसूचीहरु

## अनुसूची १ : आय व्ययको विवरण चामे गाउँपालिका

### आय व्ययको विवरण

आ.व.२०७४/७५ अनुसूची-१

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ कोयथार्थ | आ.व. २०७३/७४ कोसंशोधित अनुमान | आ.व. २०७४/७५ कोअनुमान |
|---|---|---|---|---|
| आयः | | | | |
| | राजस्वः | | | |
| | आन्तरिक राजस्व | | ६३ | ६४५ |
| | राजस्व बाँडफाँडबाटप्राप्त रकम | | | १५०० |
| | अन्य आय | | | |
| | **जम्मा** | | | **२१४५** |
| | अन्तर सरकारी वित्तीयहस्तान्तरण | | | |
| | नेपाल सरकारबाटप्राप्त | | ४१७० | १५१०९८ |
| | प्रदेश सरकारबाटप्राप्त | | | |
| | अन्तर स्थानीय तहबाटप्राप्त | | ७६२ | |
| | **जम्मा** | | **४९३३** | **१५१०९८** |
| | जनसहभागिताः | | | |
| | नगद सहभागिता | | | १००० |
| | श्रम तथा वस्तुगतसहायता | | | ५०० |
| | **जम्मा** | | | **१५००** |
| | **कुल जम्मा** | | | **१५४७४३** |
| व्ययः | | | | |
| | चालु खर्च | | ५४५ | ७८६९३ |
| | पूँजिगतखर्च | | ३६०० | ७६०५० |
| | **जम्मा** | | **४१४५** | **१५४७४३** |
| बजेट बचत (+)/न्यून (-) | | | | ० |
| वित्तीय व्यवस्था | | | | |
| | खुद ऋण लगानी | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँफिर्ता प्राप्ती (+) | | | |
| | खुद शेयर लगानी | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानीफिर्ता प्राप्ती (+) | | | |
| | खुद ऋण प्राप्ती | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | **०** |

## अनुसूची २ : राजस्व तथा अनुदान प्राप्तीको अनुमान चामेगाउँपालिका

## राजस्व तथा अनुदानप्राप्तिको अनुमान

आ.व.२०७४/७५ अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व. २०७२/७३ कोयथार्थ | आ.व. २०७३/७४ कोसंशोधित अनुमान | आ.व. २०७४/७५ कोलक्ष्य |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| | **आन्तरिकराजस्वः** | | | |
| | एकिकृत सम्पत्ति कर (घर र जग्गामा एकिकृत रुपमा) | | | ६० |
| | भूमिकर (मालपोत) प्रतिरोपनी | | | १०० |
| | घरवहाल कर | | | १०० |
| | व्यवसाय कर | | | ५० |
| | जडिबुटी तथा वन्यजन्तु कर | | | २०० |
| | विज्ञापन कर | | | ५ |
| | मनोरञ्जन कर | | | १० |
| | वहाल विरौटी शुल्क | | | ५ |
| | पार्किङ शुल्क | | | ५ |
| | साहसिक कार्य शुल्क | | | ५ |
| | पर्यटन शुल्क | | | ५ |
| | सेवा शुल्क | | | १०० |
| | **जम्मा** | | | **६४५** |
| | **राजस्वबाँडफाँडः** | | | |
| | राजस्वबाँडफाँड प्राप्ति (+) | | | १५०० |
| | राजस्वबाँडफाँड हस्तान्तरण (-) | | | |
| | **जम्मा** | | | **१५००** |
| | **अन्यआयः** | | | |
| | साविकस्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | १३४ |
| | बेरुजुअसुली | | | |
| | गतवर्षको नगद मौज्दात | | | ४८७४ |
| | **जम्मा** | | | **५००८** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरणः** | | | | |
| | **नेपालसरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीयसमानीकरण अनुदान | | | १००००० |
| | सशर्तअनुदान | | | ४६०९० |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| | **जम्मा** | | | **१४६०९०** |
| | **प्रदेशसरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीयसमानीकरण अनुदान | | | |
| | सशर्तअनुदान | | | |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| | **जम्मा** | | | |
| | **अन्यस्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्तअनुदान | | | |
| | समपूरकअनुदान | | | |
| | विशेषअनुदान | | | |
| | **जम्मा** | | | |
| **जनसहभागिताः** | | | | |
| | नगदसहभागिता | | | १००० |
| | श्रमतथा वस्तुगत सहायता | | | ५०० |
| | **जम्मा** | | | **१५००** |
| | **कुल जम्मा आय** | | | **१५४७४३** |

## अनुसूची ३ : व्यय अनुमान

**चामे गाउँपालिका**
**व्यय अनुमान**
आ.व. २०७४।७५

अनुसूची-३
रु.हजारमा

| शीर्षक | | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | | अन्तर सरकारीवित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | शसर्त | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| चालु खर्च | | | | | | | | | | | |
| | **वित्तीयसमानीरकण अनुदान** | | | | | | | | | | |
| | कर्मचारी तलव | | | ७६०० | ३०० | | ७३०० | | | | |
| | पदधिकारी तलव | | | २९२५ | | | २९२५ | | | | |
| | वडा वैठक भत्ता | | | ९०० | | | ९०० | | | | |
| | कार्यपालिका भत्ता | | | ७०० | | | ७०० | | | | |
| | गाउँसभा भत्ता | | | ४१५ | | | ४१५ | | | | |
| | वडा वैठक संचालन खर्च | | | ३९० | | | ३९० | | | | |
| | गाउपालिका वैठक संचालन खर्च | | | ७५० | | | ७५० | | | | |
| | भ्रमण खर्च | | | २५०० | | | २५०० | | | | |
| | पदधिकारी सुविधा | | | ५०० | | | ५०० | | | | |
| | अन्य सेवा शुल्क परामर्श | | | १३०० | | | १३०० | | | | |
| | विविध | | | २५०० | | | २५०० | | | | |
| | दुर्गम भत्ता | | | २७०० | | | २७०० | | | | |
| | भाडा | | | ३०० | | | ३०० | | | | |
| | मर्मत सम्भार | | | ९०० | | | ९०० | | | | |
| | पत्रपत्रिका | | | ३० | | | ३० | | | | |
| | इन्धन | | | ७०० | | | ७०० | | | | |
| | कार्यालय सञ्चालन | | | १८०० | | | १८०० | | | | |
| | गाष्ठी तालिम, विभिन्न भेलाकार्यक्रम | | | ८९६ | | | ८९६ | | | | |
| | अनुदान पुरस्कार | | | १७५ | | | १७५ | | | | |
| | सञ्चार | | | २५० | | | २५० | | | | |
| | पोसाक | | | ६०० | | | ६०० | | | | |
| | महगी | | | ३०० | | | ३०० | | | | |
| | सा.सु. | | | १४०० | | | १४०० | | | | |
| | धारा विजुली | | | २०० | | | २०० | | | | |
| | स्थानीय निकाय कर्मचारी कल्याणकी कोष | | | २२ | | | २२ | | | | |
| | जगेडाकोष | | | १८५० | | | १८५० | | | | |
| | **जम्मा** | | | **३२६०३** | ३०० | | ३२३०३ | | | | |
| | **शसर्त अनुदान** | | | | | | | | | | |
| | शिक्षा मन्त्रालय, सिकाई केन्द्र | | | २०० | | २०० | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सवैका लागि शिक्षा, प्रावि तथा निमावि शिक्षक त.भ प्रशासनिक खर्च | | | ११११६ | | ११११६ | | | | | |
| | माधामिक तह, मा.वि शिक्षक त.भ. प्रशासनिक खर्च | | | २७८६ | | २७८६ | | | | | |
| | विधालय क्षेत्र विकास कार्यक्रम | | | ३८३० | | ३८३० | | | | | |
| | प्राथमिक स्वास्थ्य सेवा (जनस्वास्थ्य कार्यालय, स्वास्थ्य केन्द्र, चौकि तथा उपचौकिहरु) | | | ३८९६ | | ३८९६ | | | | | |
| | अस्पतालहरु चालु खर्च | | | १५७३८ | | १५७३८ | | | | | |
| | आयुर्वेद चिकिरत्सालयहरु र औषधालयहरु | | | ३९५८ | | ३९५८ | | | | | |
| | राष्टिय स्वास्थ्य शिक्षा सुचना तथा संचार केन्द्र | | | ९३ | | ९३ | | | | | |
| | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | | | ३८६९ | | ३८६९ | | | | | |
| | क्षयरोग नियन्त्रण | | | ६२ | | ६२ | | | | | |
| | आर्युवेद सेवा कार्यक्रम | | | ५४२ | | ५४२ | | | | | |
| | **जम्मा** | | | **४६०९०** | | | | | | | |
| | **कुलचालु खर्च** | | | **७८६९३** | **३००** | **४६०९०** | **६४६०६** | | | | |
| **पूँजिगतखर्च** | | | | | | | | | | | |
| | भवननिर्माण | | | २०००० | | | २०००० | | | | |
| | फर्निचर | | | ३००० | | | ३००० | | | | |
| | सवारीसाधन | | | २००० | | | २००० | | | | |
| | मेशिनरीऔजार | | | ३३०० | | | ३३०० | | | | |
| | सार्वजनिकनिर्माण (पार्क, शौचालय,धारा,विश्रामस्थल) | | | १००० | | | १००० | | | | |
| | पूँजिगतअनुसन्धान तथा परामर्श | | | २००० | | | २००० | | | | |
| | **जम्मा** | | | **३१३००** | | | **३१३००** | | | | |
| | **क्षेत्रगत विकास खर्च** | | | **४४७५०** | | | **४४७५०** | | | | |
| | **कुल पँजीगत खर्च** | | | **७६०५०** | | | **७६०५०** | | | | |
| | **कुल व्यय (चालु र पुँजीगत)** | | | **१५४७४३** | | | **१५४७४३** | | | | |

## अनुसूची ५ : क्षेत्रगत व्यय अनुमान चामे गाउँपालिका

### क्षेत्रगत व्यय अनुमान

आ.व २०७४।७५

अनुसूची ५
रु हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७२/७३ को यथार्थ | आ.व.२०७३/७४ को संशोधित अनुमान | आ.व.२०७४/७५ को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेशसरकार | स्थानीयतह | | |
| १० | **आर्थिकविकास** | | | ३८५० | | | | | | |
| १०१० | **कृषि** | | | २००० | | | | | | |
| | कृषि साम्राागी मेसिन खरिद (करुकुट्ने मेसिन- ३) | | | ६०० | | ५७५ | | | | २५ |
| | नमुनास्याउखेती कार्यक्रम (विरुवा वितरण, हेरचाह र भण्डारन तालिम) | | | ५०० | ४५ | ४५५ | | | | |
| | तालिम (नर्सरी, टनेलमा, उन्नतपशुपालन, मौरीपालन, तरकारी खेति तालिम) | | | २०० | | २०० | | | | |
| | गाउँपालिकाकृषि अनुदान (पशुपालन, डोपिङ मेसिन, तारवार) | | | ७०० | | ६५० | | | | ५० |
| १०२० | **उद्योग तथावाणिज्य** | | | ६०० | | | | | | |
| | उद्योगवाणिज्य प्रवर्द्धन तथा तालिम कार्यक्रम | | | २०० | | २०० | | | | |
| | गाउँपालिकाक्षेत्रमा वस्तु तथा सेवा आपूर्ति व्यावस्थापन समन्वय | | | १०० | | १०० | | | | |
| | तुलनात्मकलाभ र प्रतिस्पर्धाका वस्तु विकास र निर्यात प्रवर्द्धन | | | १०० | | १०० | | | | |
| | हिमालीक्षेत्र जडिवुटी उत्पादन र प्रशोधन सम्भव्यता | | | २०० | | २०० | | | | |
| १०२० | **पर्यटन** | | | ११०० | | | | | | |
| | गाउँपिलकापर्यटन प्रवर्द्धन अध्ययन अनुसन्धान | | | १०० | २५ | ७५ | | | | |
| | तिमाङथान्चोक चामे वैकल्पिक पदमार्ग निर्माण | | | ५०० | २५ | ४५० | | | | २५ |
| | तिमाङलालीगुराँस पार्क निर्माण | | | ५०० | | ४७५ | | | | २५ |
| १०४० | **सहकारी** | | | १०० | | | | | | |
| | कृषिसहकारी सस्था विकास कार्यक्रम | | | १०० | | १०० | | | | |
| १०५० | **वित्तीयक्षेत्र** | | | ५० | | | | | | |
| | स्थानीयसमूह वित्तिय सशक्तिकरण कार्यक्रम | | | ५० | | ५० | | | | |
| २० | **सामाजिक विकास** | | | ८९५० | | | | | | |
| २०१० | **शिक्षा** | | | २००० | | | | | | |
| | विद्यालयक्षेत्र मर्मत सुधार | | | १००० | १०० | ८५० | | | | ५० |
| | आवासियमावि सम्भाव्यता अध्ययन | | | ५०० | | ५०० | | | | |
| | विद्यालय शिक्षा गुणस्तरीयतासुधार कार्यक्रम | | | ५०० | | ४५० | | | | ५० |
| २०२० | **स्वास्थ्य** | | | १००० | | | | | | |
| | गाउँपालिकासुरक्षित मातृत्व कार्यक्रम | | | ५०० | | ५०० | | | | |
| | गाउँपालिकाएम्वुलेन्स सञ्चालन | | | ५०० | | ४५० | | | | ५० |
| २०३० | **खानेपानीतथा सरसफाइ** | | | २२०० | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकास्वच्छ खानेपानी तथा सरसफाइ तालिम तथा चेतना कार्यक्रम | | | २०० | | २०० | | | | |
| | गाउँपालिकाटोल वस्तीमा सरसफाइ तथास्वच्छखानेपानीमा पहुँच कार्यक्रम | | | ५०० | ४५ | ४३० | | | | २५ |
| | चामेर माडागुम्वामा चर्पी निर्माण | | | १५०० | | १४५० | | | | ५० |
| २०४० | **संस्कृतिप्रवर्द्धन** | | | **८५०** | | | | | | |
| | कोतोगुम्वा मर्मत सुधार | | | ३०० | | २५० | | | | ५० |
| | स्थानीयधर्म संस्कृति प्रवर्धन कार्यक्रम, तिमाङ चर्च निर्माण | | | ५० | | ५० | | | | |
| | जलदेवीमन्दिर पुनर्निर्माण | | | ५०० | | ४५० | | | | ५० |
| २०५० | **खेलकुदतथा मनोरञ्जन** | | | **८००** | | | | | | |
| | गाउँपालिकाखेलकुद साँस्कृतिक सप्ताह कार्यक्रम | | | ८०० | | ७२० | | | | ८० |
| २०६० | **लैगिकसमानता तथा सामाजिक समावेशीकरण** | | | **१३००** | | | | | | |
| | लैंगिकसशक्तिकरण(तालिम, सीप विकास, चेतान, क्षमता अभिवृद्धि) | | | ५०० | | ४७० | | | | ३० |
| | महिलासमूह भवन निर्माण | | | ३०० | | २७५ | | | | २५ |
| | गाउँपालिका लक्षित वर्गकल्याणकारी कार्यक्रम | | | ३०० | | २७५ | | | | २५ |
| | गोष्ठी सेमिनारदिवस | | | २०० | | २०० | | | | |
| २०७० | **सामाजिकसुरक्षा तथा सामाजिक परिचालन** | | | **८००** | | | | | | |
| | गाउँपालिकासामाजिक सुरक्षा कार्यक्रम | | | ३०० | | ३०० | | | | |
| | सामुदायिकविकास कोष | | | ५०० | | ५०० | | | | |
| **30** | **पूर्वाधारविकास** | | | ३७६५० | | | | | | |
| ३०१० | **स्थानीयसडक, पुल तथा झोलुङ्गेपुल** | | | **८०००** | | | | | | |
| | छार्ताङजाने मोटरबाटो निर्माण | | | ८०० | | ८०० | | | | |
| | तिमाङदेखि खेलकुद मैदान जाने मोटरबाटो निर्माण | | | ५०० | | ४५० | | | | ५० |
| | थान्चोकडाँडागाउँ गोरेटो बाटो ढलान | | | २०० | | २०० | | | | |
| | तिमाङलाटोमराङ मोटरबाटो वाटो निर्माण | | | ५०० | | ५०० | | | | |
| | माडागोरेटोबाटो, चिहानघाट कम्पाउण्डिङ | | | ५०० | | ५०० | | | | |
| | छीतपुरजाने मोटरबाटो निर्माण र छोर्तेन निर्माण | | | १२०० | | ११५० | | | | ५० |
| | ठाडोलाइनबाट माडा जाने मोटरबाटो निर्माण | | | १००० | | १००० | | | | |
| | थानचोकदिनदयालु जाने बाटो ढलान | | | ५०० | | ४५० | | | | ५० |
| | तिमाङगौरीशकर विद्यालय जाने बाटो मर्मत | | | ३०० | | ३०० | | | | |
| | जिप्रकाबाटविद्युत कार्यालय जाने मोटरबाटो | | | ५०० | | ५०० | | | | |
| | थान्चोक मोटरबाटो ढलान | | | २००० | | १९५० | | | | ५० |
| ३०२० | **सिंचाई** | | | **१५०** | | | | | | |
| | गाउँपालिकासिंचाई सुधार कार्यक्रम | | | १५० | | १५० | | | | |
| ३०३० | **भवनतथा सहरी विकास** | | | **२६६००** | | | | | | |
| | वडाकार्यालय भवन निर्माण | | | १०००० | | १०००० | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकाभवन निमार्ण | | | १0000 | | १0000 | | | | |
| | तिमाङथान्चोक चिहानघर निर्माण | | | १२00 | | १२00 | | | | |
| | गाउँपालिकाक्षेत्रमा शहरी विकास कार्यक्रम/बीच बजार | | | १४५0 | | १४00 | | | | ५0 |
| | तिमाङ,थान्चोकर चामे आमा समूह भवन कम्पाउण्डिङ, ढुङ्गा छपाउने | | | १२00 | | १२00 | | | | |
| | आमासमूह भवन निर्माण तथा शौचायल निर्माण | | | २२00 | | २१५0 | | | | ५0 |
| | तमुआमा समूह भवन निर्माण | | | ५0 | | ५0 | | | | |
| | सार्वजनिक धारा र रेडक्रस शौचालयनिर्माण | | | ५00 | | ५00 | | | | |
| ३०४० | **उर्जा, लघु तथासाना जलविद्युत (वैकल्पिक उर्जा समेत)** | | | **२२00** | | | | | | |
| | तिमाङ्चामे लघु जलविद्युत पावर हाउस मर्मत संरक्षण | | | १000 | | १000 | | | | |
| | चामे कुलो मर्मत, गोरेटो बाटो मर्मत | | | ५00 | | ४७0 | | | | ३0 |
| | चामेपारी विद्युत लाइन विस्तार | | | ७00 | | ७00 | | | | |
| ३०५० | **सञ्चार** | | | **७00** | | | | | | |
| | गाउँपालिकाक्षेत्र टेलिफोन तथा इन्टरनेट सुधार, विस्तार | | | २00 | | २00 | | | | |
| | गाउँपालिका एकिकृत सुचना केन्द्रसञ्चालन | | | २00 | | २00 | | | | |
| | गाउँपालिका कार्यालय र वडाकार्यालयमा टेलिफोन र इन्टरनेट जडान | | | ३00 | | ३00 | | | | |
| ४० | **वातावरण तथा विपद व्यवस्थापन** | | | **१०३००** | | | | | | |
| ४०१० | **वनतथा भु-संरक्षण** | | | **५00** | | | | | | |
| | गाउँपालिकाक्षेत्र भू-सरक्षण कार्यक्रम | | | ३00 | | २७५ | | | | २५ |
| | गाउँपालिकाक्षेत्र वृक्षारोपण कार्यक्रम | | | २00 | | १७५ | | | | २५ |
| ४०२० | **जलाधारसंरक्षण** | | | **२000** | | | | | | |
| | चामेतातोपानी संरक्षण तथा विस्तार | | | १५00 | | १४५0 | | | | ५0 |
| | गाउँपालिकाक्षेत्र जलाधार संरक्षण कार्यक्रम | | | ५00 | ६0 | ४00 | | | | ४0 |
| ४०३० | **वातावरणसंरक्षण, जलवायु परिवर्तन** | | | **१00** | | | | | | |
| | वातावरणसंरक्षण, जलवायु परिवर्तन जनचेतना कार्यक्रम | | | १00 | | १00 | | | | |
| ४०४० | **फोहरमैलातथा ढल व्यवस्थापन** | | | **२५00** | | | | | | |
| | गाउँपालिकाक्षेत्रका सवै वस्तीमा फोहोरमैला र ढल व्यवस्थापन योजना | | | १000 | | ९६0 | | | | ४0 |
| | थान्चोकढल व्यवस्थापन | | | १५00 | | १४५0 | | | | ५0 |
| ४०५० | **जलउत्पन्नप्रकोप नियन्त्रण** | | | **४७00** | | | | | | |
| | तिमाङवस्ती संरक्षण तटवन्ध निर्माण | | | ७00 | | ६५0 | | | | ५0 |
| | थान्चोकवस्ती संरक्षण तटवन्ध निर्माण | | | ७00 | | ६५0 | | | | ५0 |
| | छितपुरवस्ती संरक्षण तटवन्ध निर्माण | | | ५00 | | ४७0 | | | | ३0 |
| | तिर्चुङ्घल्दावस्ती संरक्षण तटवन्ध निर्माण | | | ७00 | | ६५0 | | | | ५0 |
| | नयाँबजारवस्ती संरक्षण तटवन्ध निर्माण | | | ७00 | | ६५0 | | | | ५0 |
| | तातोपानीजाने वाटो सरक्षण तटवन्ध निर्माण | | | ७00 | | ६५0 | | | | ५0 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चामेठाडो लाइन वस्ती संरक्षण तटवन्ध निर्माण | | | ७०० | | ६५० | | | | ५० |
| ४०६० | **विपदव्यवस्थापन** | | | **५००** | | | | | | |
| | विपतव्यवस्थापन कोष | | | ५०० | | ५०० | | | | |
| ५० | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | | | ५००० | | | | | | |
| ५०१० | **सामान्यसेवा** | | | **१०००** | | | | | | |
| | गाउँपालिकाघुम्ती सेवा | | | २०० | | २०० | | | | |
| | नागरिककोगुनासो सुनुवाइ संयन्त्र निर्माण | | | १०० | | १०० | | | | |
| | गाउँपालिकासेवा प्रवाह पद्धति सुधार तथा क्षमता विकास | | | २०० | | २०० | | | | |
| | गाउँपालिकासेवा प्रवाह पूर्वाधार विकास | | | ५०० | | ५०० | | | | |
| ५०२० | **सुरक्षाव्यवस्थापन** | | | **२००** | | | | | | |
| | गाउँपालिकाएकिकृत सुरक्षा संयन्त्र निर्माण तथा सञ्चालन | | | २०० | | २०० | | | | |
| ५०३० | **सूचनाप्रविधि** | | | **९५०** | | | | | | |
| | गाउँपालिकातथा वडा कार्यालय सफ्टवेयर निर्माण | | | ४०० | | ४०० | | | | |
| | गाउँपालिकासेवा प्रवाह चौ.समिक्षा तथा सूचना प्रवाह(बुलेटीन प्रकाशन) | | | २५० | | २५० | | | | |
| | गाउँपालिकावेवसाइट निर्माण, डकुमेन्ट्री आदि निर्माण | | | ३०० | | ३०० | | | | |
| ५०४० | **पञ्जिकरणव्यवस्थापन** | | | **३००** | | | | | | |
| | पञ्जिकरणसफ्टवेयर | | | २०० | | २०० | | | | |
| | पञ्जिकरणव्यवस्थापन कार्यक्रम | | | १०० | | १०० | | | | |
| ५०५० | **स्थानीयतथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन** | | | **९५०** | | | | | | |
| | वडातथ्याङ्क संकलन तथा प्रोफाइल निर्माण, गाउँपालिका प्रोफाइल निर्माण | | | ४५० | | ४५० | | | | |
| | गाउँपालिकाकानुन संग्रह, आवधिक योजना तथा अन्य प्रकाशन | | | ४०० | | ४०० | | | | |
| | गाउँपालिकातथ्याङ सफ्टकपी अभिलेख व्यवस्थापन | | | १०० | | १०० | | | | |
| ५०६० | **सुशासनप्रवर्द्धन** | | | **८००** | | | | | | |
| | सुशासनप्रवर्धन सम्वन्धी अन्तरक्रिया कार्यक्रम | | | २०० | | २०० | | | | |
| | जनताकोघरदैलोमा जनप्रतिनीधि कार्यक्रम | | | २०० | | २०० | | | | |
| | सार्वजनिकसुनुवाइ कार्यक्रम | | | ४०० | | ४०० | | | | |
| ५०७० | अनुसन्धानतथा विकास | | | ४०० | | | | | | |
| | स्थानीय तह शासन सञ्चालन रप्रवर्द्धन सम्वन्धी कार्यक्रम | | | १०० | | १०० | | | | |
| | स्थानीय राजस्वस्रोत अनुमान तथा प्रवर्द्धन अध्ययन | | | ३०० | | ३०० | | | | |
| ५०८० | **अन्यत्रवर्गिकृत नभएको** | | | ४०० | | | | | | |
| | विविधकार्य | | | ४०० | ४५ | ३५५ | | | | |
| | **जम्मा** | | | **६५७५०** | **३४५** | **६३९०५** | | | | **१५००** |